☎९८५७८३६०२२

# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान
५ नं. प्रदेश, नेपाल

प.स : ०७५।०७६
च.नं.: 02

मिति २०७५।४।२

विषय :- नागरिकता सिफारिश सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सवै,
सरुमारानी गाउँपालिका, प्यूठान ।

प्रस्तुत विषयमा वंशजको नाताले नेपाली नागरिकताको प्रमाण-पत्र प्राप्त गर्नको लागि पेश गर्ने अनुसूची-१ को फारामको पीठमा अभिभावकले सनाखत गर्ने महलमा उल्लेख गर्ने विषयमा जिल्ला प्रशासन कार्यालय प्यूठानको च.नं. ५२५२ मिति २०७५।३।३१ को पत्रको छाया प्रति यसैसाथ संलग्न राखी पठाइएको छ । सोही बमोजिमको अनुसूची फारम मात्र प्रयोग गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

प्यूठान

फोन न ०८६-४२००३३
४२०१३३
४२००४८
फयाक्स ०८६-४२०२९९

पत्र संख्याः- ०७४/०७५
चलानी नं : ४४४२

मिति : २०७५/०३/३१

**विषय :- नागरिकता सिफारिस सम्बन्धमा ।**

श्री ....सरुमारानी.... गा.पा./~~न.पा.~~,
प्यूठान ।

प्रस्तुत विषयमा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नको लागि पेश गर्ने अनुसूची १ को फारामको पीठमा अभिभावकले सनाखत गर्ने महलमा **निवेदक/निवेदिका** .............. **मेरो** ............ **नाताका हुन् । निजलाई वंशजको नाताले नेपाली नागरिकता प्रमाणपत्र दिएमा फरक पर्ने छैन** भन्ने व्यहोरा उल्लेख भएको हुनुपर्नेमा कतिपय स्थानिय तहवाट सिफारिस भई आउने अनुसूची १ को फारामको पीठमा अभिभावकले सनाखत गर्ने महलमा **निवेदक/निवेदिका** .......... **आफ्नो/जन्मको आधारले नेपाली नागरिकताको प्रमाणपत्र दिएमा फरक पर्ने छैन** भन्ने उल्लेख भएको अनुसूची फाराममा प्रयोग भएको पाइयो । हाल नेपालमा जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिने कानुनी व्यवस्था नै नभएको हुँदा अव देखि त्यहाँ अन्तरगतका सवै वडाहरुवाट नागरिकता प्रमाण-पत्रको लागि सिफारिस गर्ने अनुसूची १ को फारामको पीठमा अभिभावकले सनाखत गर्ने महलमा **निवेदक/निवेदिका** .................. **मेरो आफ्नो** ................ **नाताका हुन् । निजलाई वंशजको आधारले नेपाली नागरिकता दिएमा फरक पर्ने छैन** भन्ने समेत व्यहोरा उल्लेख भएको अनुसूची फाराममा मात्र सिफारिस गर्ने व्यवस्था मिलाउनु हुन साथै स्थलगत वडा सर्जमिन मुचुल्कामा तीन पुस्ते विवरण खुलाउनु पर्नेमा धेरै जसो सर्जमिन मुचुल्कामा तीनपुस्ते विवरण खुली नआउने गरेको पाइएको हुँदा वडा सर्जमिन मुचुल्कामा सम्वन्धित व्यक्तिको तीनपुस्ते विवरण खुलाई दिनुका साथै सर्जमिनमा वस्ने सवै व्यक्तिहरुका नेपाली नागरिकताको प्रमाण-पत्र पठाउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

यज्ञश्वर पन्थी
स.प्र.जि.अ.

सरुमारानी गाउँपालिका
बडडाँडा प्यूठान
दर्ता नं. ....९८....
दर्ता मिति:....२०७५/४/२....

Scanned by CamScanner